नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्याः-

चलानी नं.:-

(........................................फाँट

मितिः- २०७७/०६/२८

## कोभिड-१९ को रोकथाम, न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण यस जिल्लामा पनि वृद्धि भएको छ । सबै निकायको निरन्तर प्रयासका वावजुत पनि रोग नियन्त्रण चुनौती पूर्ण बन्दै गएको छ । मिति २०७७/०६/२८ गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बागमती प्रदेश मा. सांसद, जिल्ला समन्वय प्रमुख, मन्थली न.पा.का प्रमुख, रामेछाप न.पा.का उप-प्रमुख, जिल्ला सुरक्षा निकायका प्रमुख, राजनीतिक दल, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस, गैसस महासंघ तथा सञ्चारकर्मी लगायत रहेको जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकबाट भएका देहाय बमोजिमका निर्णय सम्बन्धित सबैको जानकारी एवम् कार्यान्वयनका लागि अनुरोध छ ।

<u>निर्णयहरु</u>

१. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण पुष्टी १३४ जनामा भएको, ६७ जना निको भएका र ६७ जना आइसोलेसनमा उपचार भएको समीक्षा गरियो ।

२. उद्योग बाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी, बैंक तथा वित्तीय संस्था, पेशा व्यवसायीहरुले सेवा प्रदान गर्दा भौतिक दूरी कायम गर्ने/गराउने, मास्क अनिवार्य गर्ने, साबुन पानी वा स्यानीटाइजरले हात धुने व्यवस्था लगायत स्वास्थ्य सुरक्षाका मापदण्ड कडाईका साथ पालना गर्ने/गराउने ।

३. जिल्लाका केही स्थानमा रहेका विद्यालयमा स्थानीय तह तथा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार भौतिक उपस्थितिमा पठन-पाठन भएको बुझिन आएकोले नपाल सरकारबाट अर्को निर्णय/सूचना नभए सम्म पठन-पाठनका बैकल्पिक उपाय अपनाउने र भौतिक उपस्थितिमा विद्यालय खोली पठन पाठन गर्ने/ गराउने कार्य बन्द गर्ने ।

४. जिल्लामा सञ्चालित विभिन्न हाइड्रो तथा विद्युत विकास परियोजनामा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देहाय बमोजिम गर्ने ।

क) स्थानीय कामदारबाट हुन सक्ने कार्यमा सकेसम्म बाहिरबाट कामदार नल्याउने ।

ख) ल्याउनै पर्ने भएमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पालिकालाई जानकारी गराई आयोजना स्थल भित्र क्वारेन्टिनमा राखी सो पश्चात मात्र काममा लगाउने ।

ग) कोभिड-१९ संक्रमण पुष्टि भएका व्यक्तिलाई आयोजना स्थलमै Isolation मा राखी उपचार गर्ने, थप उपचार आवश्यक भएमा आयोजना अवस्थित जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय र गन्तव्य जिल्लाको जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउने।

घ) संक्रमण भएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिलाई क्वारेन्टिनमा राखी Contact Tracing गर्ने ।

ङ) सरकारले तोकेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगराउने, संक्रमण पुष्टि भएका व्यक्तिहरु Isolation मा नराखी जथाभावी हिड्ने गरेको पाईएमा संक्रमक रोग ऐन, २०२० बमोजिम जिल्ला प्रशासन कार्यालयले कार्वाही गर्ने ।

२०७७/०६/२८

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या:-
चलानी नं.:-

(.........................फाँट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

५. कोभिड-१९ को रोकथाम तथा न्यूनीकरण गर्न स्थानीय तहका वडा अध्यक्षको संयोजकत्वमा स्वास्थ्य चौकीको प्रतिनिधि, प्रहरी चौकीको प्रतिनिधि, स्थानीय राजनीतिक दलको प्रतिनिधि, महिला स्वास्थ्य स्वयम सेविका र स्थानीय समाजसेवी रहेको कोभिड-१९ व्यवस्थापन र सहजीकरण समिति गठन गर्ने, समितिले प्रत्येक वडाको गाउँ टोलबाट टिमलिडर सहितको २/३ जनाको टीम गठन गरी देहाय बमोजिम गर्ने ।
   क) कोभिड-१९ परीक्षणबाट पोजेटिभ देखिएकालाई होम आइसोलेसन वा संस्थागत आइसोलेसनमा राख्ने ।
   ख) संक्रमितको सम्पर्कमा आएकालाई अन्यसँग घुलमिल हुन नदिने ।
   ग) लक्षण देखिएका विरामी र सम्भावित जोखिमको जानकारी स्वास्थ्य कार्यालयलाई दिने ।
   घ) स्वाव परीक्षण गरेका व्यक्तिको नतिजा नआउने समयसम्म निगरानी गर्ने ।
६. कोभिड-१९ को स्वाव परीक्षण गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको मापदण्डको पालना गर्ने ।
७. संक्रमणको जोखिम उच्च बढेकोले भेला आयोजना गरि गरिने राजनैतिक कार्यक्रम, दशैका शुभकामना आदान-प्रदान लगायतका कार्यक्रम, राजनैतिक दल लगायत सबै निकाय संघ संस्थाहरुले स्थगन गर्ने ।
८. सार्वजनिक सभा, साधारण सभा, जुलुस, खेलकुद, पार्टी प्यालेस, हाटबजार, धार्मिक, सास्कृतिक भेला, सामुहिक रुपमा खेलिने पिङ जस्ता कुनै कार्यक्रम नगर्ने।
९. संक्रमित संख्या बढ्दै गएकोले लक्षण देखिएका बिरामीलाई संस्थागत Isolation मा राखी उपचार गर्ने र लक्षण नदेखिएकालाई सरकारले तोकेको मापदण्ड पुरा भएको होम आइसोलेसनमा राखी उपचार गर्ने, यसको लागि स्वास्थ्य कार्यालयको प्रतिनिधि र सम्बन्धित पालिकाको स्वास्थ्य टीमबाट अनुगमन गरी संक्रमित व्यक्तिलाई पूर्ण आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने ।
१०. स्वाव परीक्षण गरेका व्यक्तिहरु परीक्षणको रिपोर्ट नआएसम्म सेल्फ Isolation मा अनिवार्य वस्ने, हिडडुल नगर्ने, अन्य व्यक्तिको सम्पर्कमा नआउने ।
११. विभिन्न कार्यालय, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थाका कार्यरत कर्मचारीहरुलाई कोभिड-१९ संक्रमण पुष्टि हुँदा पूर्ण रुपमा कार्यालय बन्द नगरी न्यूनतम कर्मचारीबाट अत्यावश्यक सेवा दिने व्यवस्था मिलाउने ।
१२. संक्रमितको संख्या दिनानुदिन बढेकोले जिल्ला अस्पताल तथा सबै स्थानीय तहलाई आइसोलेसनको क्षमता विस्तार गर्न अनुरोध गर्ने ।
१३. संक्रमित व्यक्तिहरु सार्वजनिक तथा कार्यस्थलमा हिडडुल गर्ने, काममा जाने गरेको पाईएमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना नगर्ने व्यक्तिलाई संक्रमण रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयले कार्वाही गर्ने ।
१४. नयाँ गोरख गणको परिसरमा ३० वेडको आइसोलेसन तयार भएको छ । सोमा सहयोग सामाग्री प्रदान गर्ने रामेछाप न.पा. र मन्थली न.पा.लाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।
१५. संक्रमणको रोकथाम न्यूनीकरण गर्ने हामी सबैको जिम्मेवारी र कर्तव्य हो । आम नागरिकलाई जिम्मेवार बनाउने सूचना तथा सन्देशहरु सञ्चारमाध्यमहरुबाट प्रवाह गर्न अनुरोध गर्ने ।
१६. नजिकिदै गरेको विजयादशमीको सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। यस वर्षको दशैं लगायतका चाडपर्व विगतका वर्ष जस्तो आफन्त र परिवारजनमा भेला भई मनाउन सहज नभएकोले जो जहाँ छौं त्यहीबाट सुरक्षा र सर्तकता अपनाएर मनाउनु हुन अनुरोध छ ।

२०७७।६।१८
रुद्र देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com